# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट : www.puexam.edu.np

प.सं. :

च.नं. :

मिति : २०७७।०५।१७

पूर्वाञ्चल विश्वविद्यालय प्राज्ञिक परिषद्को मिति २०७७।०५।१४ र कार्यकारी परिषद्को मिति २०७७।०५।१५ गते को निर्णय अनुसार सेमेष्टर प्रणाली अन्तर्गत स्नातक/ स्नातकोत्तर तहको नियमित तर्फका परीक्षार्थीहरुको वैकल्पिक विधि Time-bound Home Exam बाट सञ्चालन गर्ने निर्णय भए बमोजिम सोही अनुरुप Time-bound Home Exam सञ्चालन गर्दा कलेज/क्याम्पस तथा परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियमहरु निम्नानुसार रहेको छ ।

- Time-bound Home Exam सञ्चालन स्नातक/ स्नातकोत्तर तहका नियमित विद्यार्थीहरुको लागि मात्र सञ्चालन हुनेछ । तर यो व्यवस्था अन्तिम वर्ष/ सेमेष्टरको परीक्षाको हकमा लागु हुने छैन ।
- व्यवस्थापन संकाय तर्फ २०७६ साल फाल्गुण र चैत्र महिनामा सञ्चालन भएका परीक्षाहरुलाई कायम गर्दै उक्त कार्यक्रमका कोरोनाका कारण सञ्चालन हुन बाँकी रहेका परीक्षामा हाललाई नियमित तर्फका परीक्षार्थीहरु मात्र सहभागी हुन पाउनेछन् । सोही कार्यक्रमका आंशिक परीक्षार्थीहरुको हकमा पछि सञ्चालन हुने परीक्षामा उक्त विद्यार्थीहरुलाई समावेश गराइनेछ ।

### Time-bound Home Exam मा कलेज/ क्याम्पसले पालना गर्नुपर्ने नियमहरु

१. यस विधि अन्तर्गत परीक्षा सञ्चालन गर्दा सम्बन्धित क्याम्पस/ कलेजका क्याम्पस प्रमुख वा क्याम्पस प्रमुखले तोकेको व्यक्तिलाई केन्द्राध्यक्ष नियुक्ति गरिने छ ।

२. परीक्षा व्यवस्थापन कार्यालयले उपलब्ध गराएको विद्यार्थीहरुको रजिष्ट्रेशन नं., रोल नं. र आवश्यक निर्देशनहरु केन्द्राध्यक्षले सम्पूर्ण परीक्षार्थीहरुलाई परीक्षा शुरुहुनु भन्दा कम्तीमा ५(पाँच) दिन अगावै जानकारी गराउनु पर्नेछ ।

३. परीक्षा तालिका अनुसारको प्रश्नपत्र परीक्षा सञ्चालन हुने समयभन्दा कम्तीमा ३० (तीस) मिनेट पहिले परीक्षा व्यवस्थापन कार्यालयले सम्बन्धित क्याम्पस (केन्द्राध्यक्ष) को आधिकारिक Email Id मा प्रश्नपत्र (Question Paper) पठाइनेछ । उक्त प्रश्नपत्र केन्द्राध्यक्षले परीक्षार्थीलाई १५(पन्ध्र) मिनेट अगाडी परीक्षार्थीहरुको Email Id मा पठाइदिनु पर्नेछ ।

४. परीक्षार्थीहरुबाट पठाइएको उत्तरपुस्तिकाको आधारमा परीक्षार्थीहरुको हाजिरी विवरण सम्बन्धित क्याम्पसले तयार पार्नुपर्नेछ ।

५. तोकिएको समय भित्र परीक्षार्थीहरुबाट प्राप्त उत्तरपुस्तिकाहरु रोल नं. अनुसारको Folder तयार गरी परीक्षार्थीहरुलाई दिइएको समय पश्चात ४(चार) घण्टा भित्र सम्बन्धित केन्द्राध्यक्षले हाजिरी विवरण अनुसार Email Verify गरी Zip File बनाइ तपसिल बमोजिमको फाइलको नाम तयार गरी परीक्षा व्यवस्थापन कार्यालयले तोकेको आधिकारीक Email Id मा पठाइ सक्नुपर्नेछ ।

Collegename_program_Semester_Subject

६. यस विधि अनुसार सञ्चालन हुने परीक्षामा तपसिल बमोजिमको शिक्षक तथा कर्मचारीहरुको व्यवस्था रहनेछ ।

| | | |
|---|---|---|
| क. | केन्द्राध्यक्ष | - १ (एक) जना प्रति केन्द्र प्रति दिन |
| ख. | सहायक केन्द्राध्यक्ष | - १(एक) जना प्रति कार्यक्रम प्रति दिन |
| ग. | कर्मचारी | - १(एक) जना प्रति केन्द्र प्रति दिन |
| घ. | सहयोगी कर्मचारी | - १(एक) जना प्रति केन्द्र प्रति दिन |

७. यस विधि अनुसार सञ्चालन हुने परीक्षाको पारिश्रमिकको सम्बन्धमा विश्वविद्यालयको नियमानुसार हुनेछ ।

क्रमशः

# पूर्वाञ्चल विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

☎ ०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०१७४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : puoemgt@wlink.com.np
वेवसाइट : www.puexam.edu.np


प.सं. :

च.नं. :

**Time-bound Home Exam मा परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियमहरु**

१. परीक्षामा सहभागी हुन प्रत्येक परीक्षार्थीले नियमानुसार परीक्षा फाराम भरी परीक्षा व्यवस्थापन कार्यालयबाट अनिवार्यरुपमा रोल नं. प्राप्त गरेको हुनुपर्नेछ । परीक्षा फाराम नभरेका परीक्षार्थीहरुलाई परीक्षामा सहभागी गराइनेछैन ।

२. प्रत्येक परीक्षार्थीले परीक्षा शुरुहुनु भन्दा कम्तीमा १० दिन अगाडी आफनो आधिकारीक Email Id आफनो क्याम्पसमा बुझाउनु पर्नेछ । क्याम्पस मार्फत प्रश्नपत्र (Question Paper) सोही Email Id मा प्राप्त हुनेछ । साथै सोही Email Id मार्फत उत्तरपुस्तिकाको Scan/ Photo आफनो क्याम्पस/ कलेजको आधिकारीक Email Id मा पठाउनुपर्नेछ ।

३. यस किसिमको परीक्षामा सामेल हुनका लागि परीक्षार्थी स्वयंले आफुलाई आवश्यक पर्ने सामग्रीहरु Foolscape Paper/ A4 Size Photocopy Paper/ Black Pen, Internet, Electricity आदिको व्यवस्था गर्नुपर्नेछ ।

४. यस परीक्षा विधि अन्तर्गत परीक्षार्थीहरुले आफु बसोबास गरेको स्थानबाटै परीक्षामा सामेल हुन पाउनेछन् ।

५. यस परीक्षा विधिमा सामेल हुने परीक्षार्थीहरुले आफनो आधिकारीक Email Id मा परीक्षा समय/ मिति भन्दा ठीक १५ मिनेट अगाडी सम्बन्धित क्याम्पसबाट उक्त दिनको प्रश्न पत्र (Question Paper) प्राप्त गर्नेछन् ।

६. परीक्षार्थीहरुले प्राप्त प्रश्नपत्र (Question Paper) अनुसार उत्तर लेख्दा आफुले प्रयोग गरेको पानाहरुको दाँया र बाँया, तल र माथि कम्तीमा १ इन्च मार्जिन छोडेर एकातर्फ (One Side) मात्र उत्तरलेख्नु पर्नेछ ।

७. परीक्षार्थीहरुले आफनो उत्तरपुस्तिकाको प्रत्येक पानाको दाहिने भागको माथि आफनो रोल नं., विषय, कार्यक्रम, तह, सेमेष्टर र पाना नं. अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ अन्यथा परीक्षार्थी स्वयं जवाफदेही हुनेछ ।

८. परीक्षार्थीले प्रत्येक प्रश्नको उत्तर लेख्दा अनिवार्यरुपमा प्रश्नपत्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

९. उत्तरपुस्तिका परीक्षार्थी स्वयंबाट नै हस्तलिखित लेखिएको हुनुपर्नेछ । अरुबाट लेखाइएको, कम्प्युटरमा टाइप गरिएको, कार्बन कपि गरिएको, पुस्तकबाट हुबहु सारिएको वा अन्य कुनै पनि विधि प्रयोग गरिएको पाइएमा त्यस्ता उत्तरपुस्तिका स्वतः बदर हुनेछन् ।

१०. यस विधि अन्तर्गत सञ्चालित परीक्षामा सहभागी हुन नसकेका नियमित परीक्षार्थीहरु अर्को परीक्षामा नियमित परीक्षार्थीकै रुपमा परीक्षामा सहभागी हुन पाउनेछन् । आंशिक तर्फका परीक्षार्थीहरुको सम्बन्धमा सम्बन्धित क्याम्पस मार्फत विद्यार्थीहरुको कन्टयाक्ट ट्रेसिङ्ग गरी सम्पूर्ण विवरण प्राप्त भए पश्चात परिस्थितिको मुल्याङ्कन गरी आवश्यक निर्णय गरिनेछ ।

११. परीक्षा सकिएको २ घण्टा अतिरिक्त समयमा प्रत्येक परीक्षार्थीहरुले आफुले लेखेको उत्तरपुस्तिकाको Photo/ Scan गरि आफनो क्याम्पस/ कलेजको आधिकारिक Email Id मा पठाइ सक्नुपर्नेछ ।

१२. परीक्षाको समय सकिनासाथ परीक्षार्थीले आफुले लेखेको प्रत्येक पानाको Scan/ Photo Attach गरी Email को Subject मा आफनो Semester_Subject_Roll No उल्लेख गरी पठाउनु पर्नेछ ।

१३. यो परीक्षा विधि अनुसार परीक्षामा सामेल हुने परीक्षार्थीहरुको प्राप्तांक पुनर्योग नहुने तथा उत्तरपुस्तिकाको प्रतिलिपि समेत लिन पाइनेछैन ।

१४. प्रश्नपत्र (Question Paper) को ढाँचाको सम्बन्धमा वस्तुगत प्रश्नपत्र (MCQ) यस परीक्षामा रहनेछैन । उक्त खण्डको अंकको वितरण विषयगत प्रश्नमा समानुपातिक रुपमा समायोजन गरिएको हुनेछ ।

१५. प्रयोगात्मक परीक्षाको हकमा हालको महामारीको अवस्था सामान्यीकरण भए पछि मात्र सञ्चालन गरिनेछ ।

१६. प्रश्न पत्र (Question Paper) ढाँचाको सम्बन्धमा हाल प्रचलित ढाँचा बमोजिम नै प्रश्न पत्र रहनेछ ।

**परीक्षार्थीका लागि सुझाव:**

उत्तरपुस्तिका पठाउनेक्रममा File size सानो पार्न फोटो खिचि सोझै पठाउदा बढी साइज खपत हुने तथा upload गर्न बढी समय लाग्न सक्ने भएकोले कम साइज खपत गर्न Scan App जस्तैः Microsoft Lens/ Cam Scanner) प्रयोग गर्न उपयोगी देखिन्छ ।

(प्रा.डा. सूर्यप्रसाद सेंग्रौला)
परीक्षा नियन्त्रक